# रामधुनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
झुम्का, सुनसरी

चलानी नं. १२५१

**गरिवी निवारणकालागि लघू उधम विकास कार्यक्रम (मेडपा) संचालनकालागि प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना**

**प्रकासित मिति २०७७/११/२५**

यस रामधुनी नगरपालिकामा आ.ब. २०७७/२०७८ मा संचालन हुने शसर्त अनुदान गरिबी निवारणकालागि लघुउद्यम विकास कार्यक्रम (मेडेपा) को नयाँ लघु उधमी सिर्जना र लघु उधमीहरूको स्तरउन्नती ( आवश्यक पहिचानका आधारमा पुर्नताजगी र एडभान्स सिप विकास तालिम) संचालन कार्यकोलागि यस नगरपालिकामा मिति २०७७/०९/०२ गते प्रकासित सुचि दर्ता सम्बन्धिको सुचना अनुसार दर्ता भई मौजुदा सुचिमा रहेका तपसिलका योग्यता पुगेका संघ, संस्था एवं कम्पनी वाट उक्त सेवा उपलव्ध गराउने सम्बन्धी प्राविधिक तथा आर्थिक प्रस्ताव सुचना प्रकासन भएको मितिले ७ ( सात) दिन भित्रमा कार्यालय समय भित्र यस रामधुनी नगरपालिकामा आई पुग्ने गरी निर्धारित ढाँचामा पेश गर्न यो सार्बजनिक सुचना प्रकाशित गरिएको छ । नगरपालिकावाट स्वीकृत व्यवसाय विकास सेवाप्रदायक संस्थाहरूकोलागि आर्थिक तथा प्राविधिक प्रस्तावकोलागि तयार गरिएको कार्यक्षेत्रगत शर्त (TOR) : यसै साथ संलग्न छ । साथै तोकिएको आर्थिक तथा प्राविधिक प्रस्तावको नमुन नगरपालिका वाट प्राप्त गर्न सकिने छ ।

तपसिल

१. सामाजिक न्याय मन्च, ईटहरी सुनसरी ।
२. ईनरुवा ईन्टरनेसनल पोली टेक्निकल, ईनरुवा सुनसरी ।
३. गौरीभक्त होटेल मेनेजमेन्ट एण्ड टे. ट्रे. प्रा.लि., विराटनगर मोरङ्ग
**४. एन.एन. कलेज सफ्टवेयर एण्ड हार्डवेयर ईन्जिनियरिङ्ग, ईनरुवा सुनसरी**
**५. पिरामिड टेक्निकल ईन्जिनियरिङ्ग ई.प्रा.लि., ईटहरी सुनसरी**

२०७७।११।२५

प्रमुख प्रशासकिय अधिकृत
रामधुनी नगरपालिका

**रामधुनी नगरपालिका**

# नगर कार्यपालिकाको कार्यालय

**सुनसरी जिल्ला, १ नं. प्रदेश**

**रामधुनी नगरपालिकाको कार्यालयले व्यवसाय विकास सेवाप्रदायक संस्थाहरुकोलागि आर्थिक तथा प्राविधिक प्रस्तावकोलागि तयार गरिएको कार्यक्षेत्रगत शर्त :**

## १. व्यवसायिक विकास सेवा प्रदायक संस्थाले गर्नु पर्ने कामको पृष्ठभुमी :

नेपाल सरकारको शशर्त अनुदानमा गरिबी निवारणका लागि लघु उधम विकास कार्यक्रम (मेडपा) आ.ब. ०७७/०७८ देखि देशका सबै स्थानीय तहमा सञ्चालनमा आएको सन्दर्भमा यस रामधुनी नगरपालिकामा समेत सञ्चालनमा रहेकोछ । लघु उद्यम विकास मोडेलमा सञ्चालित यस कार्यक्रम अन्तर्गत लक्षित वर्गलाई प्राविधिक सीप विकास तालिम प्रदान गर्नकोलागि योग्य व्यवसाय विकास सेवा प्रदायक संस्थाहरुं वाट प्राविधिक र आर्थिक प्रस्ताव पेश गर्नकोलागि यो कार्य क्षेत्रगत शर्त तयार गरिएकोछ । चालु आ.ब. २०७७/०७८ मा गरिवी निवारणकोलागि लघु उधम विकास कार्यक्रम संञ्चालनमा नयाँ उधमी सिर्जना र भैरहेको उद्यमको स्तरौन्नतीकालागि आबश्यक प्रविधिक सीप विकास तालिम प्रदान गर्न रामधुनी नगरपालिकाले मौजुदा सुचीमा रहेको सेवा प्रदायकहरु वट प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरी प्राप्त प्रस्तावहरु मध्ये वाट योग्यताकममाका आधारमा संर्वोत्कृष्ट संस्था छनौट गरी सो संस्थासँग कार्यकमले छनौट गरेका वडा तथा वस्तिहरुमा सीप विकास तालिम सञ्चालनका लागि सम्झौता गरिनेछ ।

## २. गरिबी निवारणकालागि लघु उद्यम विकास कार्यक्रमको उदेश्य :

गरिबीको रेखामुनी रहेका नेपालि नागरिक, वैदेशिक रोगारबाट फर्किएका वा स्वदेशमा रोजगारी गुमाएका बेरोजगार व्यक्ति, महिला तथा यूवालाई लक्षित गरी लधु उद्यम विकासको माध्यमबाट रोजगारी एंव स्वरोजगारीका अवसरहरु प्रदान गर्दै उनिहरुको आयस्तरमा सुधार गरी गरिबी निवारणमा सहयोग पुर्‍याउनु यो कार्यक्रमको मुख्य उदेश्य रहेको छ ।

## ३. सीप विकास तालिम सञ्चालनको उदेश्य :

कार्यकमले छनौट गरेका सहभागिहरुलाई उधमशीलता विकास तालिमबाट छनौट भएका उद्यमको प्रकृती अनुसार उधम संग सम्बन्धित सीप विकास तालिम प्रदान गरी सहभागीहरुलाई गुणस्तरीययुक्त वस्तु उत्पादन गर्न सक्ने सीपको क्षमता अभिबृद्धि गर्नु र भैरहेको लघुउधमीहरुलाई उनिहरुको उद्यमको स्तरोन्नतीका लागि एडभान्स सीप विकास तालिम मार्फत स्तरोन्नती सेवा प्रदान गर्नु यसको उदेश्य रहेको छ ।

## ४. तालिम सञ्चालन हुने क्षेत्र तथा लक्ष्य :

यो तालिम कार्यक्रम यस रामधुनी नगरपालिकको साविक गा.वि.स.लाई केन्द्र बनाई वडा नं. १,२ र ५ (भा.सि.), वडा नं. ३ र ४ (सिंगिया), वडा नं. ६ र ७ (बक्लौरी) र वडा नं. ८ र ९ (डुम्रहा) मा लागु हुनेछ ।

उधमशीलता विकास तालिम पश्चात छनौट भएका उद्यममा संलग्न सम्भावित उद्यमी तथा भैरहेका लघु उद्यमी यस तालिम स्ञ्चालनका लक्षित वर्ग हुनेछन् ।

रामधुनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
झुम्का, सुनसरी

| क्र.सं. | वडा तथा वस्तीको नाम | सीप विकास तालिम | लक्ष्य संख्या | |
|---|---|---|---|---|
| | | | नयाँ उधमी सिर्जनाकालागि | स्तरोन्नतीका लागि |
| १. | १,२ र ५ (भा.सि.) शिबनगर, हसनपुर | लामो अवधि, मध्यम अवधी र छोटो अवधीको तालिम | मध्यम १२<br>छोटो ७ | २० |
| २. | वडा नं. ३ र ४ (सिंगिया) हरिपुर | मध्यम अवधी र छोटो अवधीको तालिम | मध्यम १२ जना<br>छोटो १२ जना | ० |
| ३. | वडा नं. ६ र ७ (बक्लौरी) चौसठि विगहा | मध्यम अवधी र छोटो अवधीको तालिम | मध्यम १२ जना<br>छोटो ६ जना | ० |
| ४. | वडा नं. ८ र ९ (डुम्रहा) केन्द्रको | मध्यम अवधी र छोटो अवधीको तालिम | छोटो २१ जना | २० |

**४.१ तालिम सञ्चालनका लागि अधिकतम बजेटको सिमा :**

नयाँ लघु उद्यमी सिर्जनाकालागि सीप विकास तालिम : रु. ........................र भैरहेका उधमको स्तरोन्नतीकालागि पुनर्ताजगी तथा एडभान्स सीप विकास तालिम रु. ...............(अंक र अक्षरमा)

**५. छनौट भएका संस्थाले गर्नुपर्ने कार्यहरु :**

**५.१ नयाँ उधमी सिर्जनाकालागि सीप विकास तालिम :**

उधमशीलता विकास तालिम लिएका सहभागिहरु मध्ये व्यवसायिक योजनाको आधारमा कम्तिमा निर्देशिकाको दफा २८ वमोजिमको प्राविधिक सीप विकास तालिम प्रदान गर्नु पर्नेछ । सीप विकास तालिम प्रदान गर्दा तालिमको पाठ्यक्रम र तालिम प्रशिक्षक नेपाल सरकारवाट मान्यता प्राप्त भएको हुनु पर्नेछ । सीप विकास तालिम पश्चात सहभागिहरुले गुणस्तरयूक्त बजारमा प्रतिष्पर्धा गर्न सक्ने वस्तु उत्पादन तथा सेवा प्रदान गर्न सक्ने सुनिश्चित भएको हुनु पर्दछ ।

**५.२ भैरहेका उद्यमको स्तरोन्नतिकालागि पुनर्ताजगी तथा एडभान्स सीप विकास तालिम :**

निर्देशिकाको दफा ३५ बमोजिम स्तरोन्नतिकालागि सीप विकास तालिमका प्रदान गर्न छनौट भएका सहभागिहरुलाई तोकिएको लक्ष्य अनुसार सीप विकास तालिम प्रदान गर्नु पर्नेछ ।

**५.३ तथ्याङ्क विवरण अध्यावधिक गर्ने :**

व्यवसाय विकास सेवा प्रदायक संस्थाले सीप विकास तालिम प्रदान गरे पश्चात सो तालिमको विवरण मेडपाको web based GESIMIS database system अनुसार कम्प्यूटरमा विवरण प्रविष्ट गरी त्यसको साराशं

प्रतिवेदन सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछ । यसरी आध्यावधिक गरेको तथ्याँकको एक प्रति रकम भुक्तानी दिने कार्यालयलाई बुझउनु पर्ने छ ।

**५.४ खर्चको सार्वजनिक सुनवाई :**

व्यवसाय विकास सेवा प्रदायक संस्थाले गरेका हरेक क्रियाकलापको सार्वजनिक सुनवाई गरेको प्रतिवेदन अनिवार्य रुपमा उधोग हेर्ने शाखामा पेश गर्नु पर्नेछ ।

५.५ सेवा प्रदायक संस्थाले उल्लेखित क्रियाकलापहरु गर्दा सम्बन्धित स्थानिय तहलाई जानकारी दिई समनवय गरी गर्ने र संस्थाले सम्बन्धित निकायमा पेश गर्नुपर्ने प्रतिवेदन, तथ्याङ्क तथा प्रतिवेदन लगायतका विवरण सम्झौतामा तोकिएको समयावधि भित्र पेश गर्ने ।

**६. व्यवसाय विकास सेवा प्रदायक संस्थको अनुभव, क्षमता, जनशक्ति र न्यूनतम योग्यता :**

**क) संस्थाको अनुभव दर्ता तथा क्षमता :**

लुघु उद्यम वा व्यवसाय विकास वा व्यवसायिक सीप विकास वा गरिबी निवारणको क्षेत्रमा काम गरेको आभव भएको तथा प्रस्ताव पेश गर्न चाहेको जिल्लामा संस्था दर्ता भई सोही जिल्लामै कार्यालय स्थापना गरी कार्य सञ्चालन गरेको वा छिमेकी जिल्ला (प्रस्ताव पेश गर्न चाहेको जिल्ला संग भौगोलिक सिमाना जोडिएको जिल्ला) मा संस्था दर्ता भई प्रस्ताव पेश गर्न चाहेको जिल्लामा कार्यक्रम सञ्चालन गर्न अनुमति लिई कार्य संचालन गरेको हुनु पर्नेछ । उपरोक्त वाहेक अन्य जिल्लामा संस्था दर्ता भएको भएमा संस्थालई कमश: पहिलो, दोस्रो र तेश्रो प्राथमिक्ता दिईनेछ ।

**ख) जनशक्ति :**

अ) तालिम संयोजक (आंशिक समय परिचालन) : १ जना

१. आवश्यक न्यूनत शैक्षिक योग्यता : स्नातक तह वा सो सरह उतिर्ण गरेको तथा कम्प्युटर सम्बन्धि ज्ञान भएको ।

२. अनुभव : लघु उद्यम विकास वा व्यवसाय विकास वा व्यवसाय सिप विकास वा आय आर्जनको क्षेत्रमा तालिम संयोजन, अनुगमन र निरीक्षण जस्ता कृयाकलापमा अनुभव प्राप्त गरेकोलाई प्राथमिक्ता दिईनेछ ।

आ. तालिम प्रशिक्षक :

१. योग्यता : प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (CTEVT) अन्तर्गत राष्ट्रिय सिप परिक्षण समिति (NSTB) बाट सिप परिक्षणमा उतिर्ण गरेको वा सम्बन्धित तालिम प्रदान गर्न विज्ञता हासिल गरेको हुनुपर्नेछ ।

२. अनुभव : सम्बन्धित प्राविधिक सिप विकास तालिमको क्षेत्रमा अनुभव प्राप्त गरेको प्रशिक्षकलाई प्राथमिक्ता दिईनेछ ।

३. लैङ्गिक तथा सामाजिक समावेसी : महिला वा आदिवासी जनजाती वा दलित वा मधेशी वा आपाङ्ग वा पिछिडिएको क्षेत्रलाई प्राथमिक्ता दिईनेछ ।

४. स्थानिय वा लघु उधमी प्रशिक्षकलाई प्राथमिक्ता दिईनेछ ।

७. प्रस्तावको ढाँचा रामधुनी नगरपालिकाको कार्यालयवाट प्राप्त गर्न सकिनेछ ।

८. प्रस्ताव पेश गर्ने तरिका :

प्रस्ताव पेश गर्न आव्हान गरिए वमोजिम प्राविधिक प्रस्ताव र आर्थिक प्रस्तावलाई छुट्टछुट्टै खाममा सीलवन्दी गरी खामको वाहिर नाम ठेगाना उल्लेख गरी कुन स्थानिय तहकोलागि पे गरिएको हो सो समेत खुलाई पेश गर्नु पर्नेछ ।

**९. जनशक्ति परिचालन :**

संस्थाले प्राविधिक प्रस्तावमा उल्लेख गरिएका जनशक्ति नै कार्यकम कार्यान्वयनको क्रममा अनिवार्य रुपमा परिचालन गर्नु पर्नेछ । काबु भन्दा बाहिरको परिस्थितीमा जनशक्ति परिवंर्तन गर्नु परेमा कार्यालयको सहमतिमा समान वा सो भन्दा बढी स्तरका (तोकिएको योग्यता तथा कार्य अनुभव) जनशक्ति परिचालन गर्न सकिनेछ ।

**१०. प्रस्ताव मुल्याँकन गर्ने तरिका :**

मुल्याँकन गर्दा गरिबी निवारणकालागि लघु उद्यम विकास कार्यकम सञ्चालन निर्देशिका, २०७७ वमोजिम प्राविधिक प्रस्तावको अंक भार ८० र आर्थिक प्रस्तावको न्यूनतम रकम प्रस्ताव गर्ने प्रस्तावकलाई २० अंक प्रदान गरिनेछ । पहिलो स्थान ल्याउने प्रस्तावकलाई छनौट गरिनेछ । दोस्रो र तेस्रो प्राप्त गर्ने प्रस्तावलाई क्रमश: वैकल्पिक सुचिमा राखिनेछ ।

**११. विविध :**

यसमा उल्लेख नभएका अन्य कुराहरु गरिबी निवारणकालागि लघु उद्यम विकास कार्यकम सञ्चालन निर्देशिका, २०७७ र अन्य प्रचलित नेपाल कानुन वमोजिम हुनेछ ।

**१२. अनिवार्य रुपमा पुरागर्नुपर्ने शर्तहरु :**

क) संस्थाको विधान वा प्रबन्ध पात्र तथा नियमावलीमा उल्लेखित उदेश्य अनुसर काम गर्न मान्यता प्राप्त संस्थाबाट विधिवत रुपमा दर्ता भई प्राविधिक र आर्थिक प्रस्ताव पेश गर्ने अन्तिम मिति सम्ममा कम्तिमा २ बर्ष भएको हुनु पर्ने छ ।
ख) संस्था विधिवत रुपमा दर्ता भई नविकरण भएको हुनु पर्नेछ ।
ग) कार्यक्षेत्रगत शर्तमा उल्लेख भएको जनशक्ति उपलव्ध हुनु पर्नेछ ।
घ) मुल्य अभिबृद्धि करमा दर्ता भएको हुनु पर्नेछ ।
ङ) आ.ब. २०७६/०७७ को कर चुक्ता भएको हुनु पर्नेछ ।
च) संस्था कालो सुचीमा नपरेको स्वघोषणा पत्रा पेश गर्नु पर्नेछ ।
छ) तोकिएको ढाँचामा प्राविधिक प्रस्ताव हुनु पर्नेछ ।
ज) तोकिएको ढाँचामा आर्थिक प्रस्ताव हुनु पर्नेछ ।
झ) सम्बन्घित वस्तिमा नै तालिमको आयोजना गर्नु पर्ने छ ।
ञ)

नोट : संस्था तथा जनशक्तिको स्पष्ट वायोडाटाँ र वायोडाटाँ अनुसारको कार्य अनुभव शैक्षिक योग्यताको प्रमाण पत्र अनिवार्यरुपमा पेश गर्नु पर्नेछ । जुन संस्थाले काम लगाउने हो साही संस्थाले प्रमाणित गरेको कार्य अनुभ मान्य हुने छैन ।

| क्र.सं. | मुल्याँकनको आधार | पुर्णाङ्क | प्रविधिक प्रस्ताव पेश गर्दा हेर्ने कागजात |
|---|---|---|---|
| १. प्रस्तावदाताको खास खास कामको अनुभव | | २५ | |
| क. | संस्था दर्ताको भौगोलिकताको आधारमा | १० | जिल्ला प्रशासन कार्यालयको दर्ता प्रमाण पत्र |
| | प्रदेश अन्तरगत जुन जिल्लामा रहेको स्थानिय तहमा प्रस्ताव पेश गरको हो सोही जिल्लामा दर्ता भएको भए १० अंक, | | |
| | प्रस्ताव पेश गरेको स्थानिय तह रहेको जिल्लामा नभई प्रदेश अन्तरगतकै अन्य जिल्लामा दर्ता भएको भएमा ७ अंक | | |
| | अन्य प्रदेशको अन्य जिल्लामा दर्ता भई प्रस्ताव पेश गर्नेको हकमा ५ अंक | | |
| ख. | संस्थाको कार्यालय भवन | १० | क) आ.ब. २०७६/०७७ को अडिट प्रतिवेदन वा<br>ख) घरधनी सम्बन्धिको प्रमाण पुर्जा |
| | प्रस्ताव पेश गरेको स्थानिय तहमा संस्थाको नामको कार्यालय भवन भएमा १० अंक, | | |
| | प्रस्ताव पेश गरेको स्थानिय तह रहेको जिल्लामा संस्था नामको कार्यालय भवन भएमा ७ अंक | | |
| | प्रस्ताव पेश गरेको स्थानिय तह वा स्थानिय तह रहेको जिल्ला बाहेक अन्य स्थानमा संस्थाको नाममा कार्यालय भवन भएमा ५ अंक | | |
| ग. | विगतमा सिप विकास तालिम सम्बन्धी कामको अनुभवको आधार | ५ | क) आ.ब. २०७३/०७४ देखि २०७६/०७७ सम्ममा सम्बन्धित संस्था वा कार्यालयले प्रदान गरेको पत्र वा,<br>ख) आ.ब. २०७३/०७४ देखि २०७६/०७७ सम्ममा सम्बन्धित संस्थासंग भएको संझौता पत्र |
| | प्रति आ.ब./बर्ष १.२५ अंकका दरले बढीमा ४ (recent years) आ.ब./बर्ष | | |
| २. मुख्य मुख्य जनशक्ति | | ३० | |
| घ. | प्रशिक्षकको योग्यता | | |

| | | | |
|---|---|---|---|
| | प्रविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद CTEVT अन्तर्गत राष्ट्रिय सिप परिक्षण समिति (NSTB) बाट सीप परिक्षण उर्तिण गरेको भएमा एक प्रशिक्षक बरावर ५ अंक बढीमा ४ प्रशिक्षक | २० | कं) प्रविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद CTEVT को प्रमाण पत्र |
| | सम्बन्धित क्षेत्रमा विज्ञता हासिल भई प्रशिक्षकको रुपमा तालिम प्रदान गरिएको भएमा एक प्रशिक्षक बरावर ४ अंक बढीमा ४ प्रशिक्षक | | प्रशिक्षक भई तालिम संचालन गरेको संम्बन्धित कार्यालयको प्रमाण पत्र |
| ङ | प्रशिक्षकको अनुभव | | |
| | एक बर्ष भन्दा बढीको अनुभव भएमा एक प्रशिक्षक वरावर १ अंक | ४ | प्रशिक्षक भई तालिम संचालन गरेको संम्बन्धित कार्यालयको प्रमाण पत्र |
| च. | तालिम संयोजकको योग्यता तथा अनुभव | ६ | कं) शैक्षिक Transcript and Character certificate<br>ख) अनुभवको हकमा काम गरेको संस्था वा कार्यालयको पत्र वा प्रमाण पत्र |
| | स्नातक उतिर्ण भएको भए ५ अंक | | |
| | प्रविणता प्रमाण पात्र चह उतिर्ण भएको भए २ अंक | | |
| | लघु उधम वा व्यवसाय विकास वा व्यवसायिक सीप विक्रास वा आय आर्जनको क्षेत्रमा अनुभव भएमा १ अंक | | |
| ३. कार्य सम्पादन गर्ने तरिका कार्यगत क्षेत्रप्रतिको प्रभावकारिता | | ३५ | |
| छ. | सीप विकास तालिम संचालन गर्ने कार्य योजनामा | २० | प्राविधिक प्रस्तावमा हेर्ने |
| | कसरी | | |
| | कहाँ | | |
| | किन | | |
| | कसको जिम्वेवारीमा | | |
| | कति समय भित्र सम्पादन गरीने | | |
| माथि उल्लेखित वुँदाहरुको वारेमा तालिकामा उल्लेख गरिएको छ भने प्रति वुँदाको ४ अंकका दरले २० अंक | | | |
| ज. | तथ्याङ्क अध्यावधिकीकरण | १५ | |
| | हरेक कृयाकलाप सम्पन्न भए पछि कार्यकमले तोकेको डाटावेस सिष्टममा तोकिएको समय भित्र प्रविष्टी गर्ने प्रष्ट उल्लेख गरेकोमा ५ अंक | | प्रविधिक प्रस्तावमा हेर्ने<br>कार्यक्षेत्रगत शर्तमा उल्लेख गरिएको भाषा वा वहु/अक्षरस सारी प्राविधिक |

अनुसुचि-५

दफा १७ को उपदफा (१) संगं सम्बन्धित

# प्राविधिक प्रस्ताव

तल उल्लेख गरिएका १ देखि १० सम्मका प्रश्नहरुको उत्तर दिने सेवा प्रदायक संस्थाहरु मत्र आगामी प्रक्रियाका लागि छनौट हुन सक्नेछन् ।

| क.सं. | विषयवस्तु (Content) सन्दंभ सङ्केत नम्बर : |
|---|---|
| १. | परियोजनाको शीर्षक :<br>छोटो रुपमा उल्लेख गर्नुहोस् ( के, किन र कहिले गरिनेछ ? . |
| | (क) प्राविधिक प्रस्ताव |
| २. | भुमिका र पुष्टयाई<br>२.१ यो परियोजना यहाँको कार्यक्षेत्र-जिल्ला, नगरपालिका, ग्रामिण बजार केन्द्रमा किन आवश्यक छ ?<br>२.२ यो परियोजनाका लागि लक्षित समुदायका मागका आधारह वा पुष्टयाईका आधारहरु के-के हुन् ?<br>२.३ हाल के के लघु उद्यम व्यवसायहरु सन्चालित छन् र जिल्ला, नगरपालिका, ग्रामिण बजार केन्द्रमा सम्भाव्य उधमहरु (श्रोतंको उपलव्धता लक्षित समुहको चाना वा रुची, बजारको माग) को अवश्था कस्तो छ ?<br>२.४ परियोजनाको कार्यान्वयनकालागि संस्थाका निर्दिष्ट अनुभव के के छन् ?<br>२.५ यो परियोजनाकालागि योजना तर्जुमा गर्दा (प्रस्तावित कार्यक्षेत्रमा ) के कस्को सहभागिता रहयो ? लक्षित समुदाय ( बिशेषगरी महिला विपन्न समुदायका सहस्यहरुलाई लघु उद्यमीको रुपमा विकास गर्नकालागि) को विचार के थियो ? |
| ३. | परियोजनाको उदेश्यहरु (२.५ SMART सुचकहरु) निर्दिष्ट (Specific), मापन योग्य ( Measurable), प्राप्त गर्न सकिने (Achievabli) सान्दर्भिक (Relevant) समय सिमा (Time-bound) अति गरिब र समावेशी लघु उद्यम विकासका लागि उदेश्यहरु)<br>..........परियोजना के उपलब्धि गर्न चाहनछ ? |
| ४. | परियोजनाको अबधि ............................<br>परियोजनाको सुरु र अन्तिम मिति .................... |
| ५. | परियोजनाको तार्किक ढाँचा (Project Logical Framwork) |

| सारंश | सङ्ख्यात्मक उदेशयमुलक पुष्टयाई योग्य सुचकहरु ( Objectively verifiable indicators-OVLs) | गुणात्मक रुपमा जाँच गर्न सकिने सुचकहरु (QVIs) | पुष्टयाईका आधारहरु | जोखिम र पुर्वानुमानहरु |
|---|---|---|---|---|
| ध्येय (Goal) | | | | |
| उदेश्य (Purpose) | | | | |
| उपलब्धिहरु (Outputs) मेड मोडेलका प्रत्येक सम्भागका लागि) | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | क्रियाकलापहरु | Inputs | | | |

६. परियोजना अन्तर्गत सम्पन्न गरिने मुख्य क्रियाकलापहरु (गरिबी निवारणका लागी लघु उद्यम विकास कार्यक्रमको अति गरिब र समावेशी लघु उद्यम विकास मोडेलका सम्भागहरु अवलम्बन गरेर)

| प्रत्येक उपलब्धि (Outputs) कालागि मुख्य क्रियाकलापहरु | समयसीमा (कहिले सुरु र सम्पन्न गर्ने ) | विधिहरु/तहहरु (कसरी कार्यान्वयन गर्ने ) | सहयोगी संस्थाहरु |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

७. कार्यान्वयनको अबधारणा (Approach)

७.१ परियोजनाका उपलब्धि (Outputs) परिणाम ( Outcomes) लाई कसरी दिगो बनाउन सकिन्छ ?

७.२ यो परियोजनाका कारण वातावरणमा पर्ने सम्भाव्य नकारात्मक असर वाट बच्न कसरी निश्चिन्त हुन सकिन्छ ? कुन वातावरणमैत्री प्रविधि र अभ्यासहरु अबलम्बन गर्न सकिन्छ ?

७.३ मुल्यश्रृङ्कला पद्धति कसरी अबलम्बन गर्नु हुन्छ ?

७.४ उधमीहरु बिशेषगरी अशिक्षित महिला विपन्न समुदायमा प्राविधिक सीपको विकास कसरी सुनिश्चित गर्नु हुन्छ ?

७.५ उद्यमीहरुको उपयूक्त प्रविधिमा पहुँचका लागि कसरी सहजीकरण गर्नु हुन्छ ?

७.६ स्वस्थ र गुणस्तरयूक्त वस्तु उत्पादन उतपादित वस्तुको बजार सञ्जाल, वस्तु विकास (Products Development) कालागि कसरी सुनिश्चित गर्नु हुन्छ ?

७.७ गुणस्तरयुक्त सेवा प्रवाहकालागि कसरी सुनिश्चित गर्नु हुन्छ ?

८. अन्य सरोकारवालाहरु संगको सहकार्य तथा साझैदारी

८.१ लघु उद्यमी समुहसंग कसरी र के का लागि ?

८.२ विषयगत निकायहरु संग कसरी र के का लागि ? (कृपया उल्लेख गर्नु होस )

८.३ निजी क्षेत्रसंग कसरी र के का लागि ? (कृपया उल्लेख गर्नु होस )

८.४ अन्य सरोकारवालह निकायहरु संग कसरी र के का लागि ? (कृपया उल्लेख गर्नु होस )

९. अनुगमन तथा मुल्याँकन

९.१ परियोजनाका गतिविधि प्रगतिको सुपरिवेक्षण कसरी गर्नु हुन्छ ?

९.२ परियोजनाका गतविधिहरुको उपलब्धि र परिणामहरुको अभिलेख कसरी राख्नुहुन्छ ?

९.३ लघु उद्यमी समुह र लघु उद्यमीको तहमा प्रगति र सिकाईहरुको अभिलेख कसरी राख्नु हुन्छ ?

९.४ प्रत्येक कृयाकलाप/गतिविधिको कार्यदक्षता मुल्याङ्कन कसरी गर्नु हुन्छ ?

९.५ नियमित कार्यसम्पादन प्रतिवेदन कसरी तयार गर्नु हुन्छ र आगामी योजना तर्जुमा र नीतिगत प्रभाव पार्न यसलाई कसरी उपयोग गर्न सकिन्छ ?

देहायका अवस्थामा प्राविधिक प्रस्ताव स्वीकार गरिने छैन :

क) सहभागिलाई खाजा खर्च वापत दैनिक रु. १५०।- भन्दा कम प्रस्ताव गरेमा ।

ख) तालिम प्राप्त गर्न ,वास वस्नुपर्ने जुनसुकै सहभागिको हकमा निर्वाह भता वापत दैनिक रु. ३५०।- भन्दा कम प्रस्ताव गरेमा ।

अनुसुचि-६

दफा १७ को उपदफा (१) संग सम्बन्धित

# आर्थिक प्रस्ताव

तल उल्लेखित गरिएका प्रश्नहरुको उतर दिने सेवा प्रदायक संस्थाहरु मत्र आगामी प्रक्रियाकालागि छनौट हुने छन् :

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | वितिय प्रस्ताव | | | | | |
| १० | कार्यक्रमवाट अनुरोध गरिएको कुल वित्तीय सहयोग | | | | | |
| | प्रस्तावित क्रियाकलापहरु | समयसीमा २०७७.......... देखि सम्म........ | कार्यक्रमको योगदान ( रु.) | स्थानिय तहको योगदान (रु.) | आवेदन गर्ने संस्थाको योगदान ( रु.) | जम्मा ( रु.) |
| | उपलब्धिहरु (Outputs) १ प्राविधिक सीप विकास तालिम | | | | | |
| | क्रियाकलाप १.१ | | | | | |
| | क्रियाकलाप १.२ | | | | | |
| | क्रियाकलाप १.३ | | | | | |
| | जनशक्ति व्यवस्थापन लागत | | | | | |
| | १. | | | | | |
| | २. | | | | | |
| | स्तरोन्नतिका क्रियाकलापहरु | | | | | |
| | १. पुनर्ताजगी तथा एडभान्स सीप विकास तालिम | | | | | |
| | शीर्षभार (Overhed) | | | | | |
| | जम्मा | | | | | |
| | मुल्य अभिवृद्धि कर | | | | | |
| | कुल जम्मा | | | | | |

मनासिव प्रशासनिक लागत (शिर्षभार खर्च समावेश गर्नु पर्नेछ जुन सिलसिलेवर रुपमा उल्लेख गरिएको (Itemized) र जवाफदेहिताकालागि आवश्यक हुनेछ ।शीर्षभार कुल कार्यक्रम खर्चको १० प्रतिशत भन्दा कम हुनु पर्दछ ।